# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, पुस १९ गते, २०७८ साल (संख्या ३७

## भाग ३

### सर्वोच्च अदालतको

### सूचना -१

**उच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०७८**

उच्च अदालत नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "उच्च अदालत (तेस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली संवत् २०७८ साल माघ २ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **उच्च अदालत नियमावली, २०७३ को नियम २ मा संशोधन:** उच्च अदालत नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ२) पछि देहायको खण्ड (ङ३) थपिएको छः-

"(ङ३) "पेसी व्यवस्थापन समिति" भन्नाले नियम १६५क. बमोजिमको पेसी व्यवस्थापन समिति सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम १३ मा संशोधन:** मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छः-

"१३. **इजलासको गठन:** (१) यस नियमावली बमोजिम अदालतमा दर्ता भएका मुद्दाको सुनुवाइको लागि इजलास गठन र पेसी सूची निर्धारण गोला प्रक्रियाद्वारा हुनेछ।

(२) उपनियम (१) बमोजिमको इजलास गठन तथा पेसी व्यवस्थापन सम्बन्धी अन्य प्रकृया सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकामा निर्धारण भएबमोजिम हुनेछ।"

४. **मूल नियमावलीको नियम १४ मा संशोधन:** मूल नियमावलीको नियम १४ को खण्ड (क१) पछि देहायको खण्ड (क२) थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(क२) अदालतको साप्ताहिक पेसी सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रक्रियाको प्रयोजनको लागि न्यायाधीशहरूसमक्ष पेस गर्ने,"

५. **मूल नियमावलीको नियम २२ मा संशोधन:** मूल नियमावलीको नियम २२ मा रहेका "प्राप्त अधिकार" भन्ने शब्दहरू पछि "मध्ये पेसी सूची तयार गर्ने बाहेकको अन्य अधिकार" भन्ने शब्दहरू थपिएका छन्।

६. **मूल नियमावलीको नियम ६६ मा संशोधन:** मूल नियमावलीको नियम ६६ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (२) बमोजिम तोकिएका न्यायाधीशहरूमध्ये गोला प्रक्रियाद्वारा गठन हुने दुईजना न्यायाधीशको संयुक्त इजलासले मुद्दाको कारबाही र किनारा गर्नेछ।"

(२) उपनियम (४) झिकिएको छ।

(३) उपनियम (९) को सट्टा देहायको उपनियम (९) राखिएको छः-

"(९) वाणिज्य इजलासका लागि तोकिएका न्यायाधीशले आवश्यकता अनुसार अन्य मुद्दाको समेत कारबाही र किनारा गर्न सक्नेछन्।"

७. **मूल नियमावलीको नियम ८४ मा संशोधन:** मूल नियमावलीको नियम ८४ को,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) आगामी हप्ताका लागि पेसीको तारेख तोकिएका मुद्दा तथा प्रतिवेदनहरूको सम्पूर्ण विवरण सहितको सूची पेसी व्यवस्थापन शाखाका प्रमुखले प्रत्येक हप्ताको बुधबारसम्म रजिस्ट्रारसमक्ष पेस गर्नु पर्नेछ। रजिस्ट्रारले पेसी व्यवस्थापन समितिको निर्देशनमा रही मुद्दाको कार्यबोझको अनुपात मिलाई समूहीकृत गरी समूह सूची तयार गर्नुपर्नेछ।"

(२) उपनियम (५) मा रहेको "कुनै पनि मुद्दा" भन्ने शब्दहरू पछि "तथा प्रतिवेदन" भन्ने शब्दहरू थपिएका छन्।

८. <u>मूल नियमावलीको नियम ८५ मा संशोधनः</u> मूल नियमावलीको नियम ८५ को,

(१) उपनियम (१) मा रहेका "मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकामा निर्धारण भएबमोजिम गोला प्रक्रियाद्वारा इजलास गठन गर्ने प्रयोजनका लागि न्यायाधीशहरू" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "मुख्य न्यायाधीशले वा मुख्य भई काम गर्ने वरिष्ठतम न्यायाधीशले इजलास तोकिदिए अनुसारको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) बमोजिम गोला प्रक्रियाबाट इजलास गठन भएपश्चात् सो अनुसारको" भन्ने शब्दहरु र "सो इजलासलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकिएको" भन्ने शव्दहरूको सट्टा "गोला प्रक्रियाद्वारा गठन भएको इजलासको" भन्ने शव्दहरू राखिएका छन्।

(३) उपनियम (५) मा रहेका "मुख्य न्यायाधीशले वा मुख्य भई काम गर्ने वरिष्ठतम न्यायाधीशले आवश्यक सम्झेमा" भन्ने शव्दहरुको सट्टा "पेसी व्यवस्थापन समितिले" भन्ने शव्दहरु राखिएका छन् ।

(४) उपनियम (६) झिकिएको छ।

९. <u>मूल नियमावलीको नियम ८६ मा संशोधनः</u> मूल नियमावलीको नियम ८६ को उपनियम (२) मा रहेका "मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश" भन्ने शव्दहरूको सट्टा "पेसी व्यवस्थापन समिति" भन्ने शव्दहरू राखिएका छन्।

१०. <u>मूल नियमावलीको नियम ११५ मा संशोधनः</u> मूल नियमावलीको नियम ११५ को उपनियम (२) मा रहेका "मुख्य न्यायाधीशद्वारा तोकिएको न्यायाधीश" भन्ने शव्दहरूको सट्टा "गोला प्रक्रियाद्वारा गठन भएको न्यायाधीशको इजलास" भन्ने शव्दहरू राखिएका छन्।

११. <u>मूल नियमावलीमा नियम १६५क. थपः</u> मूल नियमावलीको नियम १६५ पछि देहायको नियम १६५क. थपिएको छः-

"**१६५क.** <u>पेसी व्यवस्थापन समितिः</u> (१) अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न देहाय बमोजिमको एक पेसी व्यवस्थापन समिति रहनेछः-

(क) मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश - अध्यक्ष

(ख) वरिष्ठतम दुईजना न्यायाधीश - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै कारणवस मुख्य न्यायाधीश वा मुख्य भई काम गर्ने न्यायाधीश वा वरिष्ठतम दुईजना न्यायाधीशहरू मध्ये कुनै एक वा दुवैजना अनुपस्थित रहेमा सो अवधिको लागि त्यसपछिको वरिष्ठताको क्रममा रहेको न्यायाधीशले पेसी व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य भई कार्य गर्नेछ।

(३) रजिस्ट्रारले पेशी व्यवस्थापन समितिको सचिवको रूपमा काम गर्नेछ।

(४) पेसी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) पेसी व्यवस्थापन समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(६) पेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मुद्दा पेसी चढाउन निश्चित मापदण्ड बनाउने,

(ख) पेसी व्यवस्थापनलाई पारदर्शी र विश्वसनीय बनाउन आवश्यक कार्य गर्ने,

(ग) पेसी व्यवस्थापनका सम्बन्धमा निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने,

(घ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम पेसी व्यवस्थापन गर्ने, गराउने,

(ङ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निकासा दिने,

(च) पेसी व्यवस्थापनका सम्बन्धमा रजिस्ट्रारलाई आवश्यक निर्देशन दिने।"

१२. मूल नियमावलीको नियम १६७ मा संशोधन: मूल नियमावलीको नियम १६७ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-

"(घ१) पेसी व्यवस्थापन शाखा,"

## सूचना -२

### जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली, २०७८

जिल्ला अदालत नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०७३ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "जिल्ला अदालत (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली संवत् २०७८ साल माघ २ गतेदेखि प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. <u>जिल्ला अदालत नियमावली, २०७५ को नियम १० मा संशोधन:</u> जिल्ला अदालत नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १० को,-

(१) उपनियम (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) अदालतको साप्ताहिक मुद्दा सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रक्रियाको प्रयोजनको लागि न्यायाधीशहरूसमक्ष पेस गर्ने,"

(२) उपनियम (६) मा रहेका "लिखत दर्ता वा दरपीठ गर्ने" भन्ने शब्दहरू पछि "वा पेसी सूची तयार गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

३. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन:</u> (१) मूल नियमावलीको नियम ४१ को सट्टा देहायको नियम ४१ राखिएको छः-

"४१. <u>मुद्दाको बाँडफाँड:</u> (१) एकभन्दा बढी न्यायाधीश भएको अदालतमा मुद्दा दर्ता भएपछि स्रेस्तेदारले प्रमुख भई काम गर्ने न्यायाधीशको उपस्थितिमा न्यायाधीश सङ्ख्याको आधारमा मुद्दा सङ्ख्या र मार्ग समूहसमेतको अनुपात मिल्ने गरी गोला प्रक्रियाद्वारा मुद्दा फाँटहरूबीच मुद्दा बाँडफाँड गर्नेछ।

<u>स्पष्टीकरण:</u> यस नियमको प्रयोजनको लागि "मुद्दा" भन्नाले पुनरावेदन, बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञाको निवेदन, मुद्दाको रूपमा दर्ता हुने अन्य निवेदन वा प्रतिवेदन र विशेष प्रकृतिका निवेदन समेतलाई जनाउँछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियम प्रारम्भ हुँदाका बखत अदालतमा दायर रहेका मुद्दा उपनियम (१) बमोजिमको आधार र प्रक्रिया बमोजिम स्रेस्तेदारले फाँटहरूबीच बाँडफाँड गर्नेछ ।"

४. <u>मूल नियमावलीको नियम ४४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४४ को,

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) प्रत्येक मुद्दा फाँटले आगामी हप्ताको लागि पेसी तोकिएका मुद्दाको सूची तयार गरी बुधबारसम्म स्रेस्तेदारसमक्ष पेस गर्नु पर्नेछ। स्रेस्तेदारले फाँटगत आधारमा साप्ताहिक पेसी सूची तयार गर्नेछ।"

(२) उपनियम (३) झिकिएको छ।

५. <u>मूल नियमावलीको नियम ४५ मा संशोधनः</u> मूल नियमावलीको नियम ४५ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) स्रेस्तेदारले नियम ४४ बमोजिम साप्ताहिक पेसी सूचीमा प्रकाशित भएका मुद्दाको दैनिक पेसी सूची तयार गरी सोको एक प्रति एक जना न्यायाधीश रहेको अदालतमा त्यस्तो न्यायाधीशलाई र एकभन्दा बढी न्यायाधीश रहेको अदालतमा गोला प्रक्रियाद्वारा निर्धारण गरी त्यस्तो सूची एक एक प्रति सम्बन्धित न्यायाधीशलाई दिनु पर्नेछ । त्यस्तो दैनिक पेसी सूची स्रेस्तेदारले अदालतको सूचना पाटीमा टाँस्न लगाउनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ।

"(४) अभियोगपत्रसाथ पेस भएको वा अदालतबाट जारी भएको पक्राउ पुर्जी वा समाह्वान बमोजिम हाजिर भएको वा पक्राउ परी आएको व्यक्तिको थुनछेक लगायत यस नियमावली बमोजिम पूरक पेसी सूचीको माध्यमबाट कारबाही गर्नुपर्ने मुद्दा तथा निवेदनको सुनुवाइको लागि गोला प्रक्रियाद्वारा इजलासको निर्धारण गर्नु पर्नेछ।"

६. **मूल नियमावलीको नियम ९६ मा संशोधनः** मूल नियमावलीको नियम ९६ पछि देहायको नियम ९६क. थपिएको छः-

"**९६क. पेसी व्यवस्थापन समितिः** (१) अदालतमा गोला प्रक्रियाद्वारा पेसी व्यवस्थापन गर्न देहाय बमोजिमको एक पेसी व्यवस्थापन समिति रहनेछः-

(क) प्रमुख भई काम गर्ने न्यायाधीश - अध्यक्ष

(ख) वरिष्ठतम दुईजना न्यायाधीश - सदस्य

तर दुईजना न्यायाधीश रहेको अदालतको हकमा खण्ड (ख) बमोजिमको सदस्यमा एकजना न्यायाधीश मात्र सदस्य रहनेछ।

(२) कुनै कारणवस प्रमुख भई काम गर्ने न्यायाधीश वा अन्य न्यायाधीशमध्ये कुनै वा दुवैजना अनुपस्थित रहेमा सो अवधिको लागि त्यसपछिको वरिष्ठ न्यायाधीशले पेसी व्यवस्थापन समितिको अध्यक्ष वा सदस्य भई काम गर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकजना मात्र न्यायाधीश रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अदालतमा वा एक जना भन्दा बढी न्यायाधीश भए पनि एक जना मात्र अदालतमा उपस्थित रहेको अवस्थामा त्यस्तो न्यायाधीशले पेशी व्यवस्थापन समितिको कार्य गर्न सक्नेछ।

(४) स्रेस्तेदारले पेसी व्यवस्थापन समितिको सचिवको रुपमा काम गर्नेछ।

(५) पेसी व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(६) पेसी व्यवस्थापन समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(७) पेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) मुद्दा पेसी चढाउन निश्चित मापदण्ड बनाउने,

(ख) पेसी व्यवस्थापनलाई पारदर्शी र विश्वसनीय बनाउन आवश्यक कार्य गर्ने,

(ग) पेसी व्यवस्थापनका सम्बन्धमा निर्धारित मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने,

(घ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम पेसी व्यवस्थापन गर्ने, गराउने,

(ङ) सर्वोच्च अदालतले बनाएको पेसी व्यवस्थापन सम्बन्धी निर्देशिकाको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा आवश्यक निकासा दिने,

(च) पेसी व्यवस्थापनका सम्बन्धमा स्रेस्तेदारलाई आवश्यक निकासा दिने।

आज्ञाले,
निर्मला पौडेल
रजिस्ट्रार
सर्वोच्च अदालत ।

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।